DOI : https://doi.org/10.3126/kaladarpan.v3i1.55185

# भाषामा ध्वनिपरिवर्तन
# Sound Change in Language

**डा. सखिशरण सुवेदी**
सहप्रा. नेपाली विभाग
त्रि.वि., बुटवल बहुमुखी क्याम्पस
Email: sashi.subedi@gmail.com

**सार** : *ध्वनि भाषाको सबभन्दा सानो भाषिक एकाइ हो । यसले भाषाका त्यसभन्दा माथिल्ला एकाइ रूप, पद, पदावली, उपवाक्य र वाक्यको निर्माण गर्दछ । ध्वनिको अध्ययन भाषाविज्ञानको ध्वनिविज्ञान शाखा अन्तर्गत हुन्छ । भाषाको सबभन्दा सानो एकाइ भएकाले भाषिक परिवर्तनमा ध्वनिको महत्वपूर्ण स्थान रहेको हुन्छ । भाषाका ध्वनिको परिवर्तन सम्बन्धी विश्लेषण निश्चित सिद्धान्तका आधारमा गरिन्छ । भाषामा हुने परिवर्तन एकै पटक नभएर क्रमिक रूपमा हुन्छ । एक पछि अर्को गर्दै क्रमशः भाषिक नियमहरू परिवर्तन हुँदै जान्छन् र नयाँ भाषा जन्मन्छ । ध्वनि परिवर्तनको अध्ययन वृक्षरेख र तरङ्ग सिद्धान्तका आधारमा गरिन्छ । भाषाहरूका बीचको सम्बन्धको खोजी गरी तिनका बीचको समान नियम र विशेषताको निर्क्योल वृक्षारेख सिद्धान्तमा गरिन्छ भने नजिकको भाषामा पर्ने बढी प्रभाव र टाढाको भाषामा पर्ने कम प्रभावको विश्लेषण तरङ्ग सिद्धान्तमा गरिन्छ । भाषाका ध्वनिहरूलाई प्रभावित गर्ने ध्वनि परिवर्तनका निश्चित प्रक्रियाहरू ध्वनि नियम हुन् । ग्रीम, भर्नर र ग्रासमनका नियमहरूका आधारमा भाषाका ध्वनिपरिवर्तनको विश्लेषण हुन्छ । भाषिक ध्वनि परिवर्तन विभिन्न कारणले हुने गर्दछ ।*

**मुख्य शब्द** : तरङ्ग, ध्वनिविच्छेद, ध्वनिविलय, बलाघात, विषमीभवन, विपर्यास, वृक्षारेख ।

**Abstract** : *A phoneme is the smallest unit of language. It forms other larger units like words, phrases, clauses, and sentences. Its study goes under the branch of linguistics called phonetics. As it is the smallest unit of language, it has a significant role in linguistic changes. The analysis of sound change in language is based on certain theories. Changes in language go slowly and gradually. The rules of language change slowly one after another and then a new language emerges. The study of sound change is done on the basis of the theory of wave pattern and tree-diagram. Trying to find the relations between different languages, we can observe their similar rules and features on the basis of the theory of tree-diagram and we can analyze the greater influence on neighboring languages and less influence on distant languages on the basis of the theory of wave-pattern. The processes of sound change that affect phonemes are called the rules of phonemes. We analyze sound change on the basis of the rules offered by Greem, Bharnar and Grasssman. There are different reasons behind sound change in language.*

**Key words** : Wave, Sound-breaking, sound-dissolving, accent, discordance, reverse

**१. विषय प्रवेश :**

मानवीय उच्चारण अवयवबाट उच्चरित भाषाको सबैभन्दा सानो एकाइ ध्वनि हो । भाषाका ध्वनिको अध्ययन ध्वनिविज्ञानले गर्दछ । ध्वनिविज्ञानमा भाषाका ध्वनिको उच्चारण, सञ्चरण र श्रवण प्रक्रियाको अध्ययन हुन्छ । ध्वनि उच्चारण कसरी हुन्छ, उच्चरित ध्वनि वायुमण्डलबाट कसरी श्रोतासम्म पुग्छ र श्रोताले कसरी ग्रहण गर्दछ भन्ने कुरा ध्वनिविज्ञानको अध्ययनको विषय हो । भाषाका ध्वनिहरूको पहिचान, निर्धारण, वर्णन र वर्गीकरण भाषाविज्ञानको शाखा ध्वनिविज्ञानले गर्दछ । परिवर्तनशीलता भाषाको स्वभावजन्य विशेषता हो । सामाजिक परिवर्तनसँगै भाषामा परिवर्तन हुन्छ । भाषा मानवीय र सामाजिक सम्पत्ति हो । यसैले मानवीय जीवनमा र सामाजिक संरचनामा हुने जुनसुकै परिवर्तनले भाषामा प्रभाव पारेको हुन्छ । कहीँ यस्तो प्रभाव स्पष्ट र तीव्र हुन्छ भने कहीँ अपेक्षाकृत मन्द र नजानिँदो किसिममा भएको हुन्छ । तर पनि परिवर्तन स्वाभाविक र सहज रूपमा भइरहेकै हुन्छ । भाषिक परिवर्तन भाषिक व्यवस्थामा हुन्छ । भाषिक व्यवस्थाका ध्वनि व्यवस्था, वर्णव्यवस्था, व्याकरण व्यवस्था र अर्थ व्यवस्थामध्ये लाई बुझ्नुपर्दछ । भाषाका यी व्यवस्था वा यीमध्ये कुनै एक व्यवस्थामा हुने परिवर्तन भाषिक परिवर्तन हो । भाषाको कथ्य व्यवस्था र लेख्य व्यवस्था हुन्छ । कथ्य व्यवस्थामा छिटो परिवर्तन हुन्छ भने लेख्य व्यवस्थामा अपेक्षाकृत ढिलो परिवर्तन हुन्छ । कथ्य व्यवस्थामा परिवर्तन सहज र स्वाभाविक रूपमा हुन्छ, आयोजित वा योजनाबद्ध हुँदैन तर लेख्य व्यवस्थामा परिवर्तन सचेत रूपमा, हुन्छ, हिज्जे सुधारका रूपमा हुन्छ र मान्यता परिवर्तनका रूपमा हुन्छ । सामान्यतया कथ्य रूपमा निकै परिवर्तन भएपछि त्यसलाई लेख्य रूपले पछ्याउँछ ।

**२. अध्ययन विधि**

प्रस्तुत लेखमा भाषाको ध्वनिपरिवर्तनको विश्लेषण गर्ने क्रममा द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यसमध्ये पनि खासगरी विभिन्न अनुसन्धान प्रतिवेदन, पुस्तक, विभिन्न किसिमका जर्नल र पत्रपत्रिकामा प्रकाशित लेखहरू सङ्कलन गरी विश्लेषण गरिएको छ । संरचनावादी भाषावैज्ञानिक अवधारणालाई ध्वनिपरिवर्तनको आधार मानी ध्वनिपरिवर्तनको कारण र नियमको विश्लेषण गरिएको छ ।

**३. भाषामा ध्वनि परिवर्तन**

ध्वनि भाषाको सबभन्दा सानो एकाइ हो । ध्वनिबाट भाषिक संरचना तयार हुन्छ । ध्वनिबाट रूप, रूपबाट पद वा पदावली, पदावलीबाट उपवाक्य र उपवाक्यबाट वाक्य बन्दछ । ध्वनिमा परिवर्तनपछि त्यसभन्दा माथिल्ला एकाइमा क्रमशः परिवर्तन हुँदै जान्छ र भाषामा परिवर्तन हुन्छ । भाषिक परिवर्तनमा ध्वनिपरिवर्तनलाई विशेष महत्वका साथ हेरिन्छ (ग्लिसन, १९६१ पृ. १५३) । भाषाका ध्वनिको उच्चारण स्थान, उच्चारण प्रक्रिया, घोषत्व, प्राणत्व आदिमा परिवर्तन हुन पुग्दछ (गौतम र अन्य, २०६८ पृ. ३१३) । ध्वनि परिवर्तनका दिशा, कारण र ध्वनिपरिवर्तनका सिद्धान्तहरूका आधारमा भाषिक ध्वनिपरिवर्तनको विश्लेषण गरिन्छ ।

**३.१ ध्वनिपरिवर्तनका कारण र दिशा**

भाषा परिवर्तनशील हुनाले भाषाका ध्वनिहरू पनि परिवर्तन भइरहन्छन् (ब्लुमफील्ड, ई. १९६८, पृ. ३७२) । विभिन्न कारणबाट भाषिक परिवर्तन हुँदा भाषाका ध्वनिहरू परिवर्तित हुन पुग्छन् । ध्वनि परिवर्तनले भाषामा परिवर्तन ल्याउँछ । भाषिक प्रयोगका सन्दर्भमा भाषा जतिजति विस्तार हुँदै जान्छ त्यति नै भाषामा परिवर्तनका लक्षणहरू देखिँदै जान्छन् (न्यौपाने, २०५१ पृ.५७)। भाषामा परिवर्तन एक्कासि हुँदैन । लामो समयान्तरमा भाषिक प्रयोक्ताहरूका बीचको हेलमेल र बोलचाल कम हुँदै जाँदा फरक फरक भाषिक रूप देखा पर्दछन् । भाषाका उस्तै शब्दमध्ये कुनै शब्द परिवर्तन हुन्छन् भने कुनै शब्द परिवर्तन नहुन सक्छन् (गौतम र अन्य, २०६८ पृ. ३१४) । यो भाषा प्रयोग गर्ने व्यक्ति र

त्यसको प्रयोगमा निर्भर रहन्छ। भाषाका ध्वनि वा वर्णका स्तरमा आउने परिवर्तन नै मूलतः ध्वनि परिवर्तन हो । ध्वनिमा परिवर्तनसँगै भाषामा पनि परिवर्तन आउने हुँदा भाषिक परिवर्तनका कारणहरू ध्वनिपरिवर्तनका पनि कारण हुन् (द्विवेदी,२०१२ई. पृ. २२७) । परिवेशजन्य कारण, प्रयोगाधिक्य, प्रयत्नलाघव, बलाघात, लिपिगत प्रभाव आदि कारणबाट ध्वनि परिवर्तन हुन्छ। यसबारे भाषिक परिवर्तनका कारणमा चर्चा भइसकेको छ।

भाषाका ध्वनिहरू के कसरी परिवर्तन भएका हुन्छन् भन्ने कुरा ध्वनिपरिवर्तनका दिशाअन्तर्गत रहेर हेर्नु पर्दछ (गौतम र अन्य, २०६८ पृ. ३१४) । भाषिक ध्वनिहरू विभिन्न प्रकृतिबाट परिवर्तन हुने भएकाले ध्वनिपरिवर्तनका दिशा निम्नानुसार भिन्न रहन्छन्–

### ३.१.१ समीभवन

भिन्न ध्वनिहरूमध्ये एउटा ध्वनिको प्रभावमा अर्को ध्वनि उस्तै वा सम हुनु समीभवन हो । यसमा असमान ध्वनिहरूको उच्चारण स्थान, प्रक्रिया, घोषत्व र प्राणत्व समान हुन्छ (न्यौपाने, २०५१ पृ.६६)। यो प्रगत, परागत र पारस्परिक गरी तीन किसिमको हुन्छ।

**क) प्रगत समीभवन**

अघिल्लो ध्वनिले पछिल्लो ध्वनिलाई अघिल्लो ध्वनि जस्तै पार्नु प्रगत समीभवन हो; जस्तै-

हाम्रो → हाम्मो (र्→म्)
चक्र → चक्क (र्→म्)
अग्नि → अग्गि (न्→ग्)
अग्नि → अग्गि → आगो (ग→ न्)
अम्बा → अम्मा → आमा (म्→ ब्)
अलग्न → अलग्ग → अलग (ग्→ न्)
अग्रे → अग्गे → आगे (ग्→ र्)
पक्व → पक्क → पाको (क्→ व्)
गोमूत्र → गोमुत्ते → गउँत् (त्→ र्)
चक्र → चक्क → चक्का (क→ र्)
चैत्र → चैत्त→ चैत् (त→ र्)
श्वस्रु → श्वस्सु→ सासु (स् → र्)

**ख) परागत समीभवन**

पछिल्लो ध्वनिले अघिल्लो ध्वनिलाई पछिल्लो ध्वनि जस्तै पार्नु परागत समीभवन हो। जस्तै-

कसले → कल्ले (स् → ल्)
उत्चारण → उच्चारण (त् → च्)
उत्नयन → उन्नयन (त् → न्)
सर्प → सप्प (र् → प्)
अर्क → अक्क → आँक र् प्र → क्
अष्ट → अट्ट → आठ (ष् → ठ्)
ओष्ठ → ओठ्ठ→ ओठ (ष् → ठ्)
कर्ण → कण्ण→कान् (र् → ण्)
कर्मी → कम्मी → कामी (र् → म्)
गर्दभ → गद्दभ → गधा (र् → द्)
घर्म → घम्म → घाम् (र् → म्)
तिक्त → तित्तो → तीतो (क् → त्)
तप्त → तत्तो → तातो (प् → त्)
कर्म → कम्म → काम (म् → र्)
भक्त → भत्त → भात् (त् → क्)

**ग) पारस्परिक समीभवन**

दुई भिन्न ध्वनिहरू एक अर्काका प्रभावले भिन्ना भिन्नै ध्वनिमा परिवर्तन हुनु पारस्परिक समीभवन हो; जस्तै-

कार्य → कज्ज→काज (जंज्→ज)
मध्य → मज्झ→माझ (ज्झ→झ्)
वत्स → बच्छ → बाछो (त्स् → छ)
अद्य → अज्ज →आज द्ज्ञ य् = ज्ज
अक्षर → अच्छेर क्ज्ञ ष् = च्छ
मत्स्य → माच्छो त्ज्ञ स् = च्छ
बाद्य → बाज्ज → बाजा द्ज्ञ य् = ज्ज

### ३.१.२ विषमीभवन

समान ध्वनिहरू असमान ध्वनिमा परिवर्तन हुनु विषमीभवन हो । यो समीभवनको उल्टो प्रक्रिया हो । विषमीभवनमा उस्तै दुई ध्वनिहरू फरक ध्वनिमा परिवर्तन हुन्छन्। विषमीभवन प्रगत र परागत गरी दुई किसिमको

हुन्छ (गौतम र अन्य, २०६८ पृ. ३१८) ।

**क) प्रगत विषमीभवन**

शब्दभित्रको अघिल्लो ध्वनि यथावत रही पछिल्लो ध्वनि परिवर्तन हुनु प्रगत विषमीभवन हो । यो समान ध्वनि असमान हुने क्रममा पछिल्लो ध्वनि परिवर्तन हुने प्रक्रिया हो । जस्तै–

काक → काग (क् → ग्)
कुकुट → कुखुरो (क् → ख्)
झिँझो → झिँजो (झ् → ज्)
झन्झट → झन्जट (झ → ज्)
धाँधली → धाँदली (ध् → द)
झझल्को → झजल्को(झ्प्र → ज्)
छछल्को → छचल्को (छ्प्र →च्)

**ख) परागत विषमीभवन**

शब्दभित्रको पछिल्लो ध्वनि जस्ताको तस्तै रही अघिल्लो ध्वनिमा परिवर्तन हुनु परागत विषमीभवन हो । यो शब्दको अघिल्लो ध्वनि परिवर्तन हुने प्रक्रिया हो ।

आकाश → अकास (आ → अ)
पाताल → पताल (आ → अ)
पिपीलिका → किपीलिका (प → क)
आषाढ → असार् आप्र → अ
हुजुर→ हजुर उप्र → अ
आरात्रिक→ आरती आप्र → अ

**३.१.३ अघोषीभवन**

कुनै सघोष ध्वनि अघोष ध्वनिमा परिवर्तन हुनु अघोषीभवन हो; जस्तै-

किताब → किताप (ब् → प्)
हिसाब → हिसाप (ब् → प्)
खाग → खाक (ग् → क्)

**३.१.४ घोषीभवन**

अघोष ध्वनि सघोष ध्वनिमा परिवर्तन हुनु घोषीभवन हो; जस्तै–

काक → काग (क् → ग्)
कुन → सगुन (क् → ग्)
ाक → साग (क् → ग्)

**३.१.५ अल्पप्राणीभवन**

महाप्राण ध्वनिहरू अल्पप्राण ध्वनिमा परिवर्तन हुनु अल्पप्राणीभवन हो; जस्तै–

बाघ → वाग (घ् → ग्)
हाथ → हात (थ् → त्)
भाखा → भाका (ख → क)
उँधो → उँदो (ध → द)

**३.१.६ महाप्राणीभवन**

अल्पप्राण ध्वनिहरू महाप्राण ध्वनिमा परिवर्तन हुनु महाप्राणीभवन हो; जस्तै–

किल → खिल (क् → ख्)
कर्पर → खप्पर (क् → ख्)
अगि → अघि (ग् → घ्)
सुक्का → सुख्खा (क् → ख्)

**३.१.७ आगम**

शब्दमा नभएको कुनै नयाँ ध्वनि थपिनु आगम हो; जस्तै-

हुक्म → हुकुम (उ → आगम)
स्थिति → इस्थिति (इ → आगम)
अम्ल → अमिलो (इलो → आगम)
सुख → सुक्ख (क् → आगम)
निद्रा → निन्द्रा (न् → आगम)
पसः → पसल (ल् → आगम)

**३.१.८ लोप**

शब्दभित्र रहेको कुनै ध्वनि हराउनु लोप हो । शब्दको उच्चारणमा सरलता ल्याउन लोप गरिन्छ; जस्तै–

| | | |
|---|---|---|
| उपाध्याय → | पाध्ये | (उ → आय लोप) |
| अबेर → | बेर | (अ → लोप) |
| श्मसान → | मसान | (श् → लोप) |
| अन्त्य → | अन्त | (य् → लोप) |
| कपडा → | कप्डा | (अ → लोप) |
| रीति → | रीत् | (इ → लोप) |
| निम्ब → | नीम | (ब् → लोप |
| कटहर → | कटर | (ह् → लोप) |

### ३.१.९ नासिक्यीभवन

पञ्चम वर्णहरू अनुनासिक ( ँ) ध्वनिमा परिवर्तन हुनु नासिक्यीभवन होस जस्तै–

| | | | |
|---|---|---|---|
| सन्ध्या → | साँझ | ग्राम → | गाउँ |
| अश्रु → | आँसु | अञ्जली → | अँजुली |
| उष्ट्र → | उँट | | |

### ३.१.१० विपर्यास

शब्द भित्रका ध्वनिहरू उल्टो पाल्टो हुनु विपर्यास हो । यसलाई विपर्यय पनि भनिन्छ; जस्तै–

| | | | |
|---|---|---|---|
| पिशाच → | पिचास | गरूड → | गडुर |
| अग्लो → | अल्गो | लज्जा → | लाज |
| कोक्रो → | कोर्को | सरग → | सगर |
| विरामी → | विमारी | र्म् → | मूर् |
| नजीक → | नगीच् | जक् → | गच् |
| करोड → | कडोर | र्ड् → | ड्र् |
| पागल → | पगला | अ → | आ |
| व्रत → | वर्त | र्अ → | अर् |

### ३.१.११ लोप

लोप भनेको हराउनु वा नासिनु हो । लोप पनि ध्वनि परिवर्तनको एउटा प्रक्रिया हो (भट्टराई र लुइटेल, २०६१ पृ. १६) । यो स्वर तथा व्यञ्जनको लोप गरी दुई प्रकारको हुन्छ (गौतम र अन्य, २०६८ पृ. ३१८) ।

स्वर-लोप

कुनै शब्दको जुनसुकै ठाउँमा रहेको स्वर ध्वनिको लोप प्रक्रियालाई स्वर लोप भनिन्छ । स्वर ध्वनिको स्थानविशेषको लोपका आधामा यसलाई निम्नलिखित तीन आधारमा वर्गीकृत गर्न सकिन्छ (बन्धु, २०५३क पृ. १३७) । स्वरध्वनिको पनि आदिमा लोप, मध्यमा लोप र अन्त्यमा लोप हुन्छ । लेख्य रूपमा कतिपय शब्द पूरा लेखिने गरे पनि कथ्य स्तरमा ध्वनिको लोप हुन्छ ।

**आदि स्वरलोप**

| मूल शब्द | विकसित शब्द | लुप्त ध्वनि |
|---|---|---|
| अच्छइण | → छैन → | अ → ϕ |
| अपूप | → पूवा, → | अ → ϕ |
| अबेर | → बेर, → | अ → ϕ |
| अपीनस् | → पिनास → | अ → ϕ |
| उदुम्बर | → डुम्री → | उ → ϕ |
| उपाध्याय | → पाध्ये → | उ → ϕ |

**मध्य स्वरलोप**

| मूल शब्द | विकसित शब्द | लुप्त ध्वनि |
|---|---|---|
| कपडा | → कप्डा → | अ → ϕ |
| कुखुरा | → कुख्रा → | उ → ϕ |
| सरकार | → सर्कार → | अ → ϕ |
| हरदम | → हर्दम → | अ → ϕ |
| नरक | → नर्क → | अ → ϕ |
| अलसी | → अल्छी → | अ → ϕ |
| अमला | → अम्ला → | अ → ϕ |

**अन्त्य स्वरलोप**

| मूल शब्द | विकसित शब्द | लुप्त ध्वनि |
|---|---|---|
| ओष्ठ → | ओठ् → | अ → ϕ |
| काज → | काज् → | अ → ϕ |
| स्कन्ध → | काँध् → | अ → ϕ |
| जङ्घा → | जाँघ् → | आ → ϕ |
| जाति → | जात् → | इ → ϕ |
| परारि → | परार → | इ → ϕ |
| सन्धि → | साँध् → | इ → ϕ |
| रीति → | रीत् → | इ → ϕ |
| घृणा → | घिन् → | आ →ϕ**आदि** |

**व्यञ्जन लोप**

| मूल शब्द | | विकसित शब्द | | लुप्त ध्वनि |
|---|---|---|---|---|
| श्मसान | → | मसान | → | श् → ϕ |
| स्टेसन | → | टेसन | → | स् → ϕ |
| स्थल | → | थल | → | स् → ϕ |
| स्थाली | → | थाल् | → | स् → ϕ |
| स्थापना | → | थापना | → | स् → ϕ |
| ननन्द | → | नन्द | → | न → ϕ |

**मध्य व्यञ्जन लोप**

| मूल शब्द | | विकसित शब्द | | लुप्त ध्वनि |
|---|---|---|---|---|
| ओष्ठ | → | ओठ | → | ष् → ϕ |
| कोकिल | → | कोइली | → | क् → ϕ |
| बहिनी | → | बैनी | → | ह् → ϕ |
| भण्डागार | → | भण्डार | → | ग् → ϕ |
| माहिलो | → | माइलो | → | ह् → ϕ |
| श्रावण | → | साउन | → | र् → ϕ |
| सर्प | → | साँप | → | र → ϕ |

**अन्त्य व्यञ्जन लोप**

| मूल शब्द | विकसित शब्द | लुप्त ध्वनि |
|---|---|---|
| अग्नि | आगो | न् → ϕ |
| उपाध्याय | उपाध्ये | य् → ϕ |
| घोटक | घोडा | क्→ ϕ |
| फस्ट | फस् | ट्→ ϕ |
| मौक्तिक | मोती | क् → ϕ |
| लवङ्ग | ल्वाङ् | ग → ϕ |
| पुष्करिणी | पोखरी | ण् → ϕ |

### ३.१.१२ ध्वनि आगम

आगमको शब्दगत अर्थ आउनु हो । भाषामा आगम भन्नाले कनै शब्दको जुनसुकै ठाउँमा कुनै ध्वनि थपिनु भन्ने बुझिन्छ । यसरी थपिन आउने ध्वनिहरू स्वर तथा व्यञ्जन दुवै हुन सक्छन् (गौतम र अन्य, २०६८ पृ. ३२०) । आगममा उच्चारणको सुविधाको लागि कुनै ध्वनि थपिने कार्य हुन्छ । प्रथमतः आगमलाई स्वरागम र व्यञ्जनागम गरी दुई प्रकारमा वर्गीकृत गरिन्छ ।

**आदिस्वरागम**

| मूल शब्द | विकसित शब्द | आगत ध्वनि |
|---|---|---|
| स्कुल | इस्कुल | इ |
| स्त्री | इस्त्री | इ |
| स्थापित | इस्थापित | इ |
| स्नान | इस्नान | इ |

**मध्य स्वरागम**

| मूल शब्द | विकसित शब्द | आगत ध्वनि |
|---|---|---|
| रक्त | रगत | अ |
| अम्ल | अमिलो | इ |
| जन्म | जनम | अ |
| भक्त | भगत | अ |
| हुक्म | हुकुम | उ |
| क्रिया | किरिया | इ |
| पिर्ति | पिरति | अ |
| शर्म | सरम | अ |

**अन्त्य स्वरागम**

| मूल शब्द | विकसित शब्द | आगत ध्वनि |
|---|---|---|
| फस्ट् | फस्ट | अ |
| हनमत् | हनुमन्ते | ए |
| इन्ट्रेस्ट् | इन्ट्रेस्ट | अ |

**आदि व्यञ्जनागम**

| मूल शब्द | विकसित शब्द | आगत ध्वनि |
|---|---|---|
| अस्थि | हड्डी | ह |
| एडक | भेडा | भ |
| असि | हसिया | ह |

**मध्य व्यञ्जनागम**

| मूल शब्द | विकसित शब्द | आगत ध्वनि |
|---|---|---|
| निद्रा | निन्द्रा | न् |
| शाप | श्राप | र् |
| समुद्र | समुन्द्र | न् |
| आधि | आँधि | ँ |
| कुब्ज | कुँजो | ँ |
| पक्ष | पङ्ख | ङ् |
| पक्षी | पन्छी | न् |

**अन्त्य व्यञ्जनागम**

| मूल शब्द | विकसित शब्द | आगत ध्वनि |
|---|---|---|
| जम्बू | जामून् | न् |
| देह | देहात् | त् |
| पुच्छ | पुच्छर् | र् |

### ३.१.१३ रकारीभवन

अन्य ध्वनिहरू 'र' ध्वनिमा परिवर्तन हुनु रकारीभवन हो; जस्तै–

आषाढ → असार

बाटिका → बारी

निकट → नेर

### ३.१.१४ खकारीभवन

अन्य ध्वनिहरू ख मा परिवर्तन हुने प्रक्रिया खकारीभवन हो; जस्तै- क्षत → खत, क्षेत्र → खेत, क्षति → खति आदि ।

### ३.१.१५ जकारीभवन

य् ध्वनि ज् ध्वनिमा परिवर्तन हुनु जकारी भवन हो; जस्तै- योगी → जोगी, यज्ञ → जग्गे, सूर्य → सुर्जे, यजमान → जजमान ।

### ३.१.१६ लकारीभवन

अन्य ध्वनि ल् मा परिवर्तन हुनु लकारीभवन हो; जस्तै- तरकारी→ तरकाली, नम्बर →लम्बर, रवर → लबर आदि ।

### ३.१.१७ दीर्घीभवन

ध्वनि परिवर्तन हुँदा कुनै ध्वनि लोप भई दीर्घ बन्नु दीर्घीभवन हो । ध्वनि लोप भएका कारण त्यसभन्दा अघिल्लो ध्वनि दीर्घ बन्छ; जस्तै- मित्र→ मीत, तिक्त → तीतो, रक्त → रातो, कज्ज →काज आदि ।

## ३.२ ध्वनिपरिवर्तनका सिद्धान्त

भाषाका ध्वनिहरू विभिन्न आधारबाट परिवर्तित हुन्छन् । ध्वनिको परिवर्तन सम्बन्धी निश्चित सिद्धान्तका आधारमा गरिन्छ। भाषाहरूको तुलनात्मक अध्ययनका क्रममा परिवर्तित ध्वनिको अध्ययन गरी भाषामा भएको परिवर्तनको विश्लेषण गरिन्छ (गौतम र अन्य, २०६८ पृ. ३२२) । भाषामा हुने परिवर्तन एकै पटक नभएर क्रमिक रूपमा हुन्छ । संसारमा भएका भाषाहरूको आफ्नो माउ भाषा हुन्छ । माउ भाषाबाट अन्य भाषाहरू जन्मँदै गएका हुन्छन् भन्ने धारणा भाषाको तुलनात्मक अध्ययनले देखाएको हो । विभिन्न भाषाका शब्दहरूको संकलन र तिनको तुलनात्मक विश्लेषण गरी भाषाहरूका बीचको समानता र भिन्नताको विश्लेषण गरिन्छ (द्विवेदी, २०१२ई. पृ.२४०) । यसै आधारमा भाषाको पारिवारिक वर्गीकरण गरी भाषा परिवारसमेत देखाइएको पाइन्छ । विभिन्न कालक्रममा प्राचीन, मध्यकालीन हुँदै आधुनिक कालसम्म आइपुगेको नेपाली भाषामा पनि व्यापक परिवर्तन देखिएको छ । नेपाली भाषाको भाषिकालाई हेर्दा नेपालीको एउटा मूल भाषाबाट भाषिका देखापरेका छन् (भट्टराई र लुइटेल, २०६१ पृ. ९) । नेपाली भाषाबाट परिवर्तन हुँदै थुप्रै भाषिका जन्मेका छन् ।

कुनै एउटा माउ भाषाबाट विभिन्न भाषाहरू

जन्मन सक्ने कुरालाई वृक्षारेख सिद्धान्तले स्वीकार गरेको छ। एउटै भाषामा देखिने परिवर्तन पनि निश्चित कालक्रममा हुन्छ भन्ने वृक्षारेख सिद्धान्तको मान्यता रहेको छ (लिच, १९०१ई. पृ. २१४) । भाषाहरूका बीचको सम्बन्धको खोजी गरी तिनका बीचको समान नियम र विशेषताको निर्क्योल वृक्षारेख सिद्धान्तमा गरिन्छ (गौतम र अन्य, २०६८ पृ. ३२३) । कुन भाषा कहिलेदेखि कुन भाषाबाट अलग्गिएको हो भन्ने कुरा वृक्षारेखले देखाउँदछ। साझा विशेषता भएका भाषाहरू एउटा वर्गका हुन्छन् (ब्लुमफील्ड, ई. १९६८, पृ. ३८३)। एक पछि अर्को गर्दै क्रमशः भाषिक नियमहरू परिवर्तन हुँदै जान्छन् र नयाँ भाषा जन्मन्छ।

भाषिक परिवर्तनका क्रममा एक तहमा परिवर्तन भएका ध्वनिहरू अर्को तहमा परिवर्तन भएर जान्छन् । तह पार गरिसकेपछि ध्वनिहरू भिन्न हुन पनि सक्छन् । जति जति भाषाका ध्वनिहरू परिवर्तन भएका हुन्छन् । त्यति नै भाषामा परिवर्तन हुँदै गएको हुन्छ (पोखरेल, २०५७ पृ. ७९) । भाषाको तुलनात्मक अध्ययन गरी पारिवारिक वर्गीकरण गर्न यो सिद्धान्त उपयोगी हुन्छ।

भाषिक परिवर्तनका क्रममा देखापरेको अर्को सिद्धान्त तरङ्ग सिद्धान्त हो। कुनै पनि भाषाका व्यक्ताहरू आफ्नो मूल थलोबाट चारैतिर फैलिएका हुन्छन् । वक्ताहरूसँगै भाषा पनि फैलिन्छ र भाषाको ध्वनि तथा व्याकरणिक व्यवस्थामा पनि परिवर्तन आउँछ (बन्धु, २०५३ख पृ. १७२) । यस्तो परिवर्तन केन्द्रबाट सुरु भई चारैतिर फैलिएको हुन्छ। पानीको तरङ्गजस्तै केन्द्रबाट क्रमशः चारैतिर फैलिँदै जाने र नजिकको भाषामा बढी प्रभाव र टाढाको भाषामा कम प्रभाव पर्नु तरङ्ग सिद्धान्त हो। यसलाई पोखरीको पानीमा ढुङ्गा फाल्दा उत्पन्न हुने तरङ्गसँग तुलना गरिएको छ । पोखरीमा फ्याँकिएको ढुङ्गाबाट उत्पन्न तरङ्ग (छाल) ढुङ्गा भएको ठाँउमा तीव्र र त्यसपछि क्रमशः कम हुँदै गएजस्तै गरी भाषाको ध्वनि तथा अन्य व्यवस्थामा पनि परिवर्तन देखिन्छ । भाषा परिवर्तनको उद्गमस्थलमा परिवर्तनको प्रभाव छिटो पर्दछ भने त्यसपछि क्रमशः कम पर्दछ (तिवारी, १९७६ पृ. ३४८) । यसरी एउटा भाषाका ध्वनिमा आएको परिवर्तनको प्रभाव बिस्तारै अरू भाषामा पनि सर्दै जानु प्रसार वा बिस्तार हो। प्रसार वा विस्तार पछि फरक भाषाहरूका कतिपय विशेषता उस्तै बन्न पुग्दछन् (गौतम र अन्य, २०६८ पृ. ३२४) । बिस्तार हुँदा नजिकको भाषामा बढी र टाढाको भाषामा कम प्रभाव पर्दछ । परिवर्तनको चर्को असर केन्द्र र त्यसको वरिपरि पर्दछ भने छेउतिर असर कम हुँदै जान्छ। व्यापक क्षेत्रमा विस्तार हुँदै जाँदा ज्यादै टाढा असर शून्य पनि हुन सक्छ।

भौगोलिक दुरी र भाषिक दुरी बीच अन्तर्सम्बन्ध रहन्छ । दुई भाषाहरू बीच भौगोलिक दुरी जति बढी हुन्छ, त्यति नै दुई भाषाका साझा विशेषताहरू कम कम हुँदै जान्छन्। दुई भाषाका बीचको भौगोलिक दुरी जति कम हुन्छ दुई भाषाका साझा विशेषताहरू त्यति नै बढी हुन्छन् (पोखरेल र दाहाल, २०४७ पृ.४२ ) । फरक भाषाभाषीका वक्ताहरूको सम्पर्क जति घनिष्ट र निकट हुन्छ भाषा परिवर्तनको क्रम पनि त्यतिकै गतिशील रहन्छ । एउटा भाषाबाट विविध कारणले जन्मेका भाषिका र भाषामा पनि भौगोलिक, आर्थिक, राजनैतिक, सामाजिक, सांस्कृतिक आदि कारणले ध्वनि, वर्ण र व्याकरणसमेत प्रभावित हुन्छ (गौतम र अन्य, २०६८ पृ. ३२५) । एउटा भाषाका विशेषता र अर्को भाषाका विशेषताहरूमा सूक्ष्मतम सम्बन्ध रहन्छ (लिच, १९०१ई. पृ. १९८)। केन्द्रमा भएको परिवर्तनले बिस्तारै भाषिक रूप र विशेषतामा फरक ल्याउँछ र ठूलो क्षेत्रसम्म फैलिएर भाषिक रूप लिन्छ । यसरी केन्द्रमा भएको भाषिक परिवर्तनका विशेषताहरू क्रमशः समभाषांश रेखाभन्दा बाहिरका भाषामा पर्नु र भाषिक परिवर्तन देखिने क्रमको पुष्टि तरङ्ग सिद्धान्तले गर्दछ द्विवेदी,२०१२ई. पृ. २४२।

तरङ्ग सिद्धान्त अनुसार साझा विशेषता भएका भाषामा मात्र नभएर साझा विशेषता नभएका भाषामा पनि परिवर्तनको प्रभाव पर्दछ। यस क्रममा एउटा भाषामा आएको परिवर्तन बिस्तारै अरू भाषामा सर्दै जान्छ।

निकटताका आधारमा सबभन्दा पहिले नजिकको भाषामा र त्यसपछि क्रमशः अरू भाषामा यस्तो प्रभाव पर्दै जान्छ र भाषाका कतिपय क्षेत्रमा बिस्तारै साझा लक्षण वा विशेषता देखा पर्दछ (ग्लिसन, १९६१ पृ. १५४) । यसरी कहिलेकाहीँ भाषाहरूको प्रयोगक्षेत्रगत समानताका कारण फरक भाषाहरूका बीच पनि साझा अभिलक्षण देखा पर्दछ ।

### ३.२.१ ग्रिम, भर्नर र ग्रासमनको ध्वनिपरिवर्तन सम्बन्धी नियम

कुनै भाषाविशेषसँग सम्बद्ध र त्यस भाषाका कुनै काल र परिस्थितिसँग सम्बद्ध भएर भाषाका ध्वनिहरूलाई प्रभावित गर्ने ध्वनि परिवर्तनका निश्चित प्रक्रियाहरू ध्वनि नियम हुन् (भट्टराई र लुइटेल, २०६१ पृ. ९) । हरेक भाषाका ध्वनि नियम आ-आफ्नै किसिमका हुन्छन् । एउटा भाषाका ध्वनि नियमहरू अरू भाषाका ध्वनि नियमसँग नमिल्न सक्छन् । भाषाका ध्वनिपरिवर्तनका नियमका सन्दर्भमा ग्रीम, भर्नर र ग्रासमनका नियमहरू उल्लेख्य छन् (गौतम र अन्य, २०६८ पृ. ३२४) ।

अ) ग्रिम नियम

तुलनात्मक भाषाविज्ञानका क्षेत्रमा विशेष योगदान पुऱ्याउने ज्याकोब लुडविग ग्रिमको ध्वनि नियमसम्बन्धी सिद्धान्तलाई ग्रिम नियम भनिन्छ । जर्मन भाषाको वर्णनात्मक अध्ययन गरी उनले तथ्यगत आधारमा ध्वनिपरिवर्तनका नियमहरू अगाडि सारेका छन् । उनले जर्मन भाषा र जर्मनेतर भाषाका शब्द सूची प्रस्तुत गरेर ती शब्दहरूमा भएको ध्वन्यात्मक अनुरूपताको व्याख्या गर्ने क्रममा निश्चित सूत्रलाई आधार माने । उनले मूल भारोपेली भाषाबाट जर्मन भाषामा र निम्न जर्मनबाट उच्च जर्मनमा हुने ध्वनिपरिवर्तनका नियमहरू प्रस्तुत गरे । उनले अगाडि सारेका तिनै नियमहरू नै ग्रिम नियमका नामले चिनिन्छन् (गौतम र अन्य, २०६८ पृ. ३२४) । ग्रिमले जर्मन भाषामा दुईपटक ध्वनिपरिवर्तन भएको कुरा उल्लेख गरेका छन् । पहिलो पटक मूल भारोपीय भाषाबाट जर्मन भाषामा आउँदा ध्वनिपरिवर्तन भयो भने दोस्रो पटक निम्न जर्मनबाट उच्च जर्मनमा आउँदा ध्वनि परिवर्तन भएको हो (भट्टराई र लुइटेल, २०६१ पृ. ९) ।

**(क) प्रथम ध्वनि परिवर्तन**

१) मूल भारोपेलीका अघोष, अल्पप्राण स्पर्श ध्वनिहरू /क्, त्, प,/ जर्मन भाषामा /ख् (ह), थ्, फ्/ मा परिवर्तन हुन्छन्; जस्तै –

| भारोपीय मूल भाषा | गोथिक | अंग्रेजी | अर्थ |
|---|---|---|---|
| त्र (क्) | hwas | who | को |
| त (त्) | three | तीन | उ (पृ) |
| fadar | father | | बुवा |

२) मूल भारोपीय /घ्,(ह्),ध्,भ्/ महाप्राण घोष ध्वनिहरू /ग्, द्, ब्/घोष अल्पप्राणमा परिवर्तन हुन्छन्; जस्तै –

| भारोपीय मूल भाषा | अंग्रेजी (जर्मन) | अर्थ |
|---|---|---|
| घ् (ह्) | goose | हाँस |
| ध् | deed | काम |
| भ् | brother | भाइ |

३) मूल भारोपीय भाषाका घोष अल्पप्राण ध्वनिहरू अघोष अल्पप्राणमा परिवर्तन हुन्छन्; जस्तै–

| भारोपीय मूल भाषा | अंग्रेजी (जर्मन) | अर्थ |
|---|---|---|
| न (ग्) | cow | गाई |
| म (द्) | two | दुई |
| द (ब्) | lip | ओठ |

**(ख) द्वितीय ध्वनि परिवर्तन**

यो निम्न जर्मनबाट उच्च जर्मनमा भएको हो । उनले द्वितीय ध्वनिपरिवर्तन निम्नानुसार भएको देखाएका छन-

१) निम्न जर्मनका /क्, त्, प् /अल्पप्राण, अघोष ध्वनिहरू /ख्, थ्, (स्), फ्/मा परिवर्तन हुन्छन्; जस्तै -

| निम्न जर्मन | उच्च जर्मन | अर्थ | परिवर्तन |
|---|---|---|---|
| book | buch | किताब | क् → ख् |
| foot | fuss | खुट्टा | त् → स् |
| up | auf | माथि | प् →फ् |

२) निम्न जर्मनका /ख् (ह्), थ्, फ् / अघोष महाप्राण ध्वनिहरू उच्च जर्मनमा /ग्,द्, ब्/ घोष अल्पप्राणमा परिवर्तन हुन पुग्दछ; जस्तै-

| निम्न जर्मन | उच्च जर्मन | अर्थ | परिवर्तन |
|---|---|---|---|
| hostis | gost | अतिथि | ख्(ह्)→ ग् |
| thick | dick | मोटो | थ् →द् |
| धषभ | धभष्द | स्वास्नी | फ् → ब् |

३) निम्न जर्मनका घोष अल्पप्राण /ग्, द्, ब्/ध्वनिहरू अघोष अल्पप्राण/क्, त्, प्/ मा परिवर्तन हुन पुग्दछ; जस्तै-

| निम्न जर्मन | उच्च जर्मन | अर्थ | परिवर्तन |
|---|---|---|---|
| bridge | bricke | पुल | ग् → क् |
| do | tun | गर्नु | द् → त् |
| bouble | dapple | दोब्बर | ब् → प् |

ग्रिमले देखाएको ध्वनिपरिवर्तन सम्बन्धी नियमलाई संङ्क्षेपमा यस प्रकार देखाउन सकिन्छ-

| मूल भारोपीय भाषा | निम्न जर्मन | उच्च जर्मन |
|---|---|---|
| क्, त्, प् | → ख् (ह्), थ्, फ् | → ग्, द्, ब् |
| ग्, द्, ब् | → क्, त्, प् | →ख् (ह्), थ्, फ् |
| घ्, ध्, भ् | → ग्, द्, ब् | → क्, त्, प् |
| | प्रथम ध्वनि परिवर्तन | द्वितीय ध्वनि परिवर्तन |

### आ) ग्रासमन नियम

ग्रीम नियमभित्र नपरेका ध्वनिपरिवर्तनसम्बन्धी नियमहरू समावेश गरी अर्का जर्मन भाषाविद् हर्मन ग्रासमनले प्रस्तुत गरेको ध्वनिपरिवर्तन सम्बन्धी नियम ग्रासमन नियम हो । उनले ग्रिम नियममा नपरेका ध्वनिपरिवर्तन सम्बन्धी नियम समावेश गर्दै ग्रिम नियमको संशोधनसमेत गरेका हुन् । ग्रिम नियम भित्रका अपवादहरूलाई यिनले समाधान गरेका छन् (गौतम र अन्य, २०६८ पृ. ३२६) ।

ग्रिम नियम अनुसार /क्, त्, प्/ ध्वनिहरू /ख्, (ह्), थ्, फ्/ हुनुपर्ने हो तर ती ध्वनिहरू /ग्, द्, ब्/भएको र /ग्, द्, ब्/ ध्वनिहरू /क्, त्, प्/हुनुपर्नेमा /ग्, द्, ब्/नै भएको पाइएकाले ग्रासमनले यसको कारण उल्लेख गर्दै नियम बनाए । उनले बनाएको त्यो नियम नै ग्रासमनको नियम हो (द्विवेदी,२०१२ई. पृ.२४५) । उनले भारोपीय भाषामा दुई महाप्राण ध्वनि लगातार भएमा पहिलो ध्वनिमा रहेको /ह्/ लोप हुन्छ वा अल्पप्राण बन्दछ, यस्तो अवस्थामा /ग्, द्, ब्/ मा परिवर्तन हुँदैन भनेका छन्; जस्तै-

| भारोपीय ध्वनि | संस्कृत | गोथिक |
|---|---|---|
| ब् | बोधति | biudan बिउदान) |
| भ् | दभ् | doubs (दउब्स) |

ग्रासमनले सँगै रहेका दुई महाप्राण वर्णमध्ये दोस्रो वर्णबाट महाप्राण ध्वनि निस्केर अल्पप्राण ध्वनि रहँदा पहिलो वर्णमा महाप्राण ध्वनि नै रहन्छ भन्ने देखाएका छन्; जस्तै -

भिभर्ति→ विभर्तिभूधति →बुधति हुहोति→जुहोति
धधामि→ दधामि भभूव → बभूव भभार → बभार.
धधौ → दधौ हुहाव → जुहाव धधाति → दधाति

माथिका उदाहरणमा अल्पप्राण ध्वनिमा परिवर्तन भएकाले ग्रिमनियम अनुरूप /ग्, द्, ब्/रहेको देखिएको छ।

### ग) भर्नर नियम

ग्रिम र ग्रासमनका ध्वनि नियममा देखिएका अपवादलाई हटाउँदै डेन मार्कका ऐतिहासिक भाषाविज्ञानविद् कार्ल भर्नरले अगाडि ल्याएको ध्वनि नियम भर्नर नियम हो (गौतम र अन्य, २०६८ पृ. ३२७) । उनले भारोपीय भाषाको भ्रातर् शब्द जर्मनमा brother हुनु नियम अनुकूल भए पनि गोथिकको पितरबाट fader र अंग्रेजीमा fǽder /त् द/ हुने कारण देखाएका छन् ।

उनले ध्वनि परिवर्तनमा बलाघातलाई आधार बनाएका छन् (भट्टराई र लुइटेल, २०६१ पृ. ११) । संस्कृत शब्दमा /क्, त्, प्/ ध्वनिको अघि बलाघात छैन भने /ग्, द्, ब्/ हुने र बलाघात भए /ख्, (ह्), थ्, फ्/ हुने देखाएका छन्; जस्तै -

| संस्कृत | गोथिक | अंग्रेजी | परिवर्तन |
|---|---|---|---|
| शतम् | hund | hundred | त् → द् |
| युवकस् | juggs | youngs | क् → ग् |
| सप्तन् | sibun | seven | प् → ब् |

ग्रीमले अपवादका रूपमा देखाएका कुरालाई भर्नरले बलाघातको कारण त्यस्तो परिवर्तन भएको प्रमाणित गरिदिएका छन् । माथिको उदाहरणमा 'शतम्' मा 'त्' पछि 'अ' मा 'युवकस्' मा 'क्' पछि अ मा र 'शप्तन्' मा पनि त् पछि आउने अ मा बलाघात भएकाले /क्, त्, प्/ ध्वनिहरू /ग्, द्, ब्/ भएका हुन् ।


ध्वनि नियम भारोपीय मूल भाषाबाट जर्मन भाषामा भएको ध्वनिपरिवर्तनको नियम हो (द्विवेदी, २०१२ ई.पृ.२४६) । ग्रिमले अगाडि ल्याएका ध्वनि नियममा देखिएका अपवादहरू समाधान गर्नका लागि ग्रासमन र भर्नरका नियमहरू अगाडि सारिएका हुन् । मूल भारोपीय भाषाबाट संस्कृतमा ध्वनि परिवर्तन देखिएन भने जर्मनमा ध्वनि परिवर्तन देखिएको छ । यससँग सम्वन्धित रहेर ग्रिम, ग्रासमन र भर्नरले ध्वनि नियमको अध्ययन विश्लेषण गरेका हुन् (गौतम र अन्य, २०६८ पृ. ३२७) ।

### ३.२..२ **ध्वनिविच्छेद र ध्वनिविलय**

ध्वनिका केही अभिलक्षणमा मात्र परिवर्तन हुँदा उच्चारणगत ध्वनिमा ध्वनिविच्छेद र विलय दुई अवस्था देखिन्छ ।

### (i) **ध्वनिविच्छेद**

कुनै एउटा ध्वनि दुई वा बढी ध्वनिमा परिणत हुनु ध्वनिविच्छेद हो । ध्वनिविच्छेद हुँदा एउटा ध्वनिका फरक फरक रूपहरू देखिन्छन् (भट्टराई र लुइटेल, २०६१ पृ. १४) । समयान्तरमा गएर विच्छेदित ध्वनिहरू फरक फरक ध्वनिको रूपमा रहन सक्छन् ।




ध्वनि क विच्छेद भई ध्वनि १, ध्वनि २, ध्वनि ३, ध्वनि ४ भएको कुरा माथि देखाइएको छ । ध्वनिविच्छेद प्राथमिक ध्वनिविच्छेद र द्वितीय ध्वनि विच्छेद गरी दुई किसिमको हुन्छ ।


**क) प्राथमिक ध्वनिविच्छेद**

मूल ध्वनि सुरक्षित रहेर विशेष परिवेशमा रहने समध्वनि अर्को ध्वनिमा परिवर्तन हुनु प्राथमिक ध्वनिविच्छेद हो । यसमा ध्वनिको विलयसहित विच्छेद हुन्छ ।

| | | | |
|---|---|---|---|
| sta | stand | (उभिनु) | (t-d) |
| trno | purna | (काँढो) | ९t-p) |
| drno | turua | (रिस) | (d-t) |

यस उदाहरणलाई तलको आरेखमा हेरौँ ।

प्राक् भारोपेली /त/ /म/




प्राक् जर्मनेली /उ/ /त/

यहाँ /त/ ध्वनि /उ/ र /त/ मा विच्छेद भएको छ । विच्छेदित /त/ ध्वनि रमर मा विलय भएको छ । यही विलय सहितको ध्वनिविच्छेद प्राथमिक ध्वनिविच्छेद हो ।

| स्तरीय नेपाली | खसानी नेपाली |
|---|---|
| डाँडो | डाँरो |
| राँडो | राँरो |

**ख) द्वितीय ध्वनिविच्छेद**


ध्वनिविच्छेद हुँदा ध्वनिले आफ्नो अस्तित्व मेटाएर अर्को नयाँ ध्वनिका रूपमा परिवर्तन हुन्छ भने त्यो द्वितीय ध्वनिविच्छेद हो । द्वितीय ध्वनिविच्छेद पछि व्यतिरेकी ध्वनि बन्दछ;जस्तै-

| प्राचीन अंग्रेजी | आधुनिक अंग्रेजी | अर्थ |
|---|---|---|
| lif | layf | जीवन |
| livlic | liyvli | जीवन्त |
| livyan | liv | रहनु |

उदाहरणमा रार ध्वनि रार र रखर मा विच्छेद भएको छ । प्राचीन अंग्रेजीबाट आधुनिक अंग्रेजीमा आइपुग्दा रखर व्यतिरेकी ध्वनिका रूपमा रहेको छ।

**(ग) ध्वनिविलय**


दुई वा बढी ध्वनिहरू मिलेर एउटा ध्वनि बन्नु ध्वनिविलय हो। यसमा एउटा ध्वनि अर्को ध्वनिमा विलीन हुन्छ वा हराउँछ (भट्टराई र लुइटेल, २०६१ पृ. १२) । यो ध्वनि विच्छेदको उल्टो प्रक्रिया हो; जस्तै -




उदाहरणमा ध्वनि १, ध्वनि २, ध्वनि ३ र ध्वनि ४ एउटै ध्वनि क मा विलय भएको देखाइएको छ । ध्वनिविलय आंशिक र पूर्ण गरी दुई किसिमको हुन्छ।

**क) पूर्ण विलय**

दुई वा बढी ध्वनिहरू सबै परिवेशमा एउटै ध्वनिमा परिवर्तन हुनु पूर्णविलय हो; जस्तै -




उदाहरणमा 'म्ह' र 'म' ध्वनि 'म' मा, 'न्ह' र 'न' ध्वनि 'न' मा, 'ह्र' र 'र' ध्वनि 'र' मा, 'ल्ह' 'र' 'ल' ध्वनि 'ल' मा विलय भएका छन् ।

| माझाली भाषिका | पुर्वेली भाषिका | ध्वनिविलय |
|---|---|---|
| क. चिह्नो | चिनो | ह्न > न् |
| ख. चुह्लो | चुलो | ह्ल > ल् |
| ग. बाह्र | बार | ह्र > र् |

ध्वनिहरू अर्कोमा विलय हुँदा शब्दको अर्थमा प्रभाव पर्ने देखिन्छ। शब्द समध्वन्यात्मक किसिमको बन्दछ; जस्तै - कुमाल – जातिविशेष वा खराब माल।

**ख) आंशिक विलय**

दुई वा बढी ध्वनिहरू कुनै खास परिवेशमा मात्र विलय हुनु आंशिक विलय हो। कुनै परिवेशमा विलय हुने र कुनै परिवेशमा विलय नभई भिन्न रहने हुन्छ; जस्तै –




उदाहरणमा 'घ' ध्वनि 'ग' मा, 'झ' ध्वनि 'ज' मा, 'ढ्' ध्वनि 'ड' मा, 'म' ध्वनि 'ब' मा खास परिवेशमा मात्र विलय भएको छ। शब्दादि परिवेशमा यी ध्वनि विलय हुँदैनन्; जस्तै– 'घर' र 'गर', 'झार' र 'जार', 'ढोका' र 'डोका', 'भात' र 'बात' शब्दमा आदि परिवेशमा ध्वनिविलय हुँदैन (गौतम र अन्य, २०६८ पृ. ३३०) । यहाँ फरक फरक ध्वनि र वर्णका तहमा छन्। यो नै आंशिक ध्वनिविलय हो।

**४.निष्कर्ष**

ध्वनि भाषाको सबभन्दा सानो भाषिक एकाइ हो। ध्वनिमा परिवर्तनपछि त्यसभन्दा माथिल्ला एकाइमा क्रमशः परिवर्तन हुँदै जान्छ र भाषामा परिवर्तन हुन्छ। भाषिक परिवर्तनमा ध्वनिपरिवर्तनलाई विशेष महत्वका

साथ हेरिन्छ। भाषिक प्रयोगका सन्दर्भमा भाषा जतिजति विस्तार हुँदै जान्छ त्यति नै भाषामा परिवर्तनका लक्षणहरू देखिँदै जान्छन्। भाषामा परिवर्तन एक्कासि हुँदैन। भाषामा परिवर्तन भाषा प्रयोग गर्ने व्यक्ति र त्यसको प्रयोगमा निर्भर रहन्छ । भिन्न ध्वनिहरूमध्ये एउटा ध्वनिको प्रभावमा अर्को ध्वनि उस्तै वा सम हुनु समीभवन हो । यो प्रगत, परागत र पारस्परिक गरी तीन किसिमको हुन्छ । समान ध्वनिहरू असमान ध्वनिमा परिवर्तन हुनु विषमीभवन हो । यो समीभवनको उल्टो प्रक्रिया हो । विषमीभवनमा उस्तै दुई ध्वनिहरू फरक ध्वनिमा परिवर्तन हुन्छन् । विषमीभवन प्रगत र परागत गरी दुई किसिमको हुन्छ। शब्दभित्रको अघिल्लो ध्वनि यथावत रही पछिल्लो ध्वनि परिवर्तन हुनु प्रगत विषमीभवन हो । यो समान ध्वनि असमान हुने क्रममा पछिल्लो ध्वनि परिवर्तन हुने प्रक्रिया हो। शब्दभित्रको पछिल्लो ध्वनि जस्ताको तस्तै रही अघिल्लो ध्वनिमा परिवर्तन हुनु परागत विषमीभवन हो । यो शब्दको अघिल्लो ध्वनि परिवर्तन हुने प्रक्रिया हो । कुनै सघोष ध्वनि अघोष ध्वनिमा परिवर्तन हुनु अघोषीभवन हो। अघोष ध्वनि सघोष ध्वनिमा परिवर्तन हुनु घोषीभवन हो। महाप्राण ध्वनिहरू अल्पप्राण ध्वनिमा परिवर्तन हुनु अल्पप्राणीभवन हो । अल्पप्राण ध्वनिहरू महाप्राण ध्वनिमा परिवर्तन हुनु महाप्राणीभवन हो। शब्दमा नभएको कुनै नयाँ ध्वनि थपिनु आगम हो। शब्दमा रहेको कुनै ध्वनि हराउनु लोप हो। शब्दको उच्चारणमा सरलता ल्याउन लोप गरिन्छ । पञ्चम वर्णहरू अनुनासिक (ँ) ध्वनिमा परिवर्तन हुनु नासिक्यीभवन हो । शब्द भित्रका ध्वनिहरू उल्टो पाल्टो हुनु विपर्यास हो। यसलाई विपर्यय पनि भनिन्छ। लोप भनेको हराउनु वा नासिनु हो। लोप पनि ध्वनि परिवर्तनको एउटा प्रक्रिया हो। यो स्वर तथा व्यञ्जनको लोप गरी दुई प्रकारको हुन्छ। भाषामा आगम भन्नाले कनै शब्दको जुनसुकै ठाउँमा कुनै ध्वनि थपिनु भन्ने बुझिन्छ। यसरी थपिन आउने ध्वनिहरू स्वर तथा व्यञ्जन दुवै हुन सक्छन् । भाषाका ध्वनिहरू विभिन्न आधारबाट परिवर्तित हुन्छन् । ध्वनिको परिवर्तन सम्बन्धी विश्लेषण निश्चित सिद्धान्तका आधारमा गरिन्छ । भाषाहरूको तुलनात्मक अध्ययनका क्रममा परिवर्तित ध्वनिको अध्ययन गरी भाषामा भएको परिवर्तनको विश्लेषण गरिन्छ। भाषामा हुने परिवर्तन एकै पटक नभएर क्रमिक रूपमा हुन्छ। संसारमा भएका भाषाहरूको आफ्नो माउ भाषा हुन्छ। माउ भाषाबाट अन्य भाषाहरू जन्मँदै गएका हुन्छन्। साझा विशेषता भएका भाषाहरू एउटा वर्गका हुन्छन् । एक पछि अर्को गर्दै क्रमशः भाषिक नियमहरू परिवर्तन हुँदै जान्छन् र नयाँ भाषा जन्मन्छ। भाषिक परिवर्तनका क्रममा एक तहमा परिवर्तन भएका ध्वनिहरू अर्को तहमा परिवर्तन भएर जान्छन् । तह पार गरिसकेपछि ध्वनिहरू भिन्न हुन पनि सक्छन् । जति जति भाषाका ध्वनिहरू परिवर्तन भएका हुन्छन् । त्यति नै भाषामा परिवर्तन हुँदै गएको हुन्छ । पानीको तरङ्गजस्तै केन्द्रबाट क्रमशः चारैतिर फैलिँदै जाने र नजिकको भाषामा बढी प्रभाव र टाढाको भाषामा कम प्रभाव पर्नु तरङ्ग सिद्धान्त हो । एउटा भाषाका ध्वनिमा आएको परिवर्तनको प्रभाव बिस्तारै अरू भाषामा पनि सर्दै जानु प्रसार वा बिस्तार हो। प्रसार वा विस्तार पछि फरक भाषाहरूका कतिपय विशेषता उस्तै बन्न पुग्दछन्। बिस्तार हुँदा नजिकको भाषामा बढी र टाढाको भाषामा कम प्रभाव पर्दछ। कुनै भाषाविशेषसँग सम्बद्ध र त्यस भाषाका कुनै काल र परिस्थितिसँग सम्बद्ध भएर भाषाका ध्वनिहरूलाई प्रभावित गर्ने ध्वनि परिवर्तनका निश्चित प्रक्रियाहरू ध्वनि नियम हुन्। हरेक भाषाका ध्वनि नियम आ-आफ्नै किसिमका हुन्छन् । एउटा भाषाका ध्वनि नियमहरू अरू भाषाका ध्वनि नियमसँग नमिल्न सक्छन्। भाषाका ध्वनिपरिवर्तनका नियमका सन्दर्भमा ग्रीम, भर्नर र ग्रासमनका नियमहरू उल्लेख्य छन्।

**सन्दर्भसामग्री सूची**

गौतम, देवीप्रसाद, रामनाथ ओझा र सखिशरण सुवेदी, (२०६८), सामान्य भाषाविज्ञान, काठमाडौँ : पिनाकल पब्लिकेसन ।

ग्लिसन, एच.ए., (ई. १९६१), एन इन्ट्रोडक्सन टु डिस्क्रिटिभ लिङ्ग्विस्टिक्स, हल्ट रिनेहार्ड एण्ड विन्सटन ।

तिवारी, भोलानाथ, (ई. १९७६), आधुनिक भाषाविज्ञान, दिल्ली, लिपि प्रकाशन ।

द्विवेदी, कपिलदेव, ( ई. २०१२), भाषाविज्ञान एवं भाषा - शास्त्र, वाराणसी : विश्वविद्यालय प्रकाशन ।

न्यौपाने, टंकप्रसाद, (२०५१), भाषाविज्ञानको रूपरेखा, धरान : नेपाल बुक डिपो ।

पोखरेल बालकृष्ण र बल्लभमणि दाहाल, (२०४७), ध्वनिप्रक्रिया र केही ध्वनिसिद्धान्त, विराटनगरः पुस्तक संसार ।

पोखरेल, माधवप्रसाद, (२०५७), ध्वनिविज्ञान र नेपाली भाषाको ध्वनि-परिचय, काठमाडौंः ने.रा.प्र.प्र. ।

बन्धु, चूडामणि, (२०५३क), भाषाविज्ञान (सातौँ.सं.), काठमाडौंः साझा प्रकाशन ।

_________, (२०५३ख), भाषाविज्ञानका सम्प्रदाय, काठमाडौंः अक्षर सदन ।

ब्लुमफिल्ड, (ई. १९६८), भाषा, (अनु. विश्वनाथ प्रसाद), मोतीलाल बानारसीदास ।

भट्टराई, गोबिन्दप्रसाद र खगेन्द्रप्रसाद लुइटेल (२०६१) डा. बल्लभमणि दाहालका भाषिक चिन्तन (सम्पा.) काठमाडौँ : रत्नपुस्तक भण्डार ।

लिच, जोफ्री, (ई. १९८१), सिम्यान्टिक्स् : द स्टडी अफ मिनिङ्, लन्डनः पेङ्ग्वीन बुक्स ।